# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## डाँछी, काठमाडौं, बागमती प्रदेश, नेपाल
## कृषि विकास शाखा

फोन: ०१-४४५१२४
ईमेल :-er.kageshworimun@gmail.com
टोलफ्रि नः१६६००१२७७७७


प.सं.: ०८०/८१
सूचना नं. ०४/०८०/८१ (कृषि शाखा)

## आलुको उन्नत बिउ माग गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति :- २०८०/०८/१७**

यस कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाको चालु आ.व. ०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "हिउँदे आलुको बिउ वितरण कार्यक्रम" संचालनार्थ तपशिलमा उल्लेखित हिउँदे आलुको उन्नत बिउ ५० प्रतिशत अनुदानमा वितरण गर्ने प्रयोजनका लागि यस नगरपालिका भित्रका व्यवसायिक आलु खेती गर्ने कृषक, कृषक समुह तथा कृषि सहकारीहरु मार्फत माग संकलन गर्न यस अघि प्रथम पटक प्रकाशित मिति:- २०८०/०८/०१ गते १५ दिने प्रकाशित सूचनाको अवधि भित्र आलुको बिउको माग पर्याप्त प्राप्त नभएकाले दोस्रो पटक सूचना प्रकाशन भएको छ । अत: दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ७(सात) दिन (मिति:२०८०/०८/२२गते) कार्यालय समय भित्र माग निवेदन पेश गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको यो सूचना प्रकाशन गरिएको छ ।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

| क.सं. | आलुको बिउको विवरण (जात) | वितरण गरिने बिउको परिमाण (के.जी.) | प्रति के.जि. अधिकतम परल मूल्य रु. | कृषकले व्यहोर्नुपर्ने मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनकदेव | ३००० | ७६ | ३८ | |
| २. | कार्डिनल | ४००० | ७६ | ३८ | |
| ३. | MS42.3 (निलो आलु) | २००० | ७६ | ३८ | |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-**

- आवश्यक आलुको बिउ परिमाण र जात स्पष्ट खुल्नेगरी मागको निवेदन ।
- नगरपालिकाबाट जारी किसान कार्डको प्रतिलिपि ।
- आलु खेती गर्ने जग्गाको क्षेत्रफल स्पष्ट खुल्ने प्रमाणपत्रको प्रतिलिपि । (लालपूर्जा वा जग्गा भाडा सम्झौताको प्रतिलिपि)
- समूह, सहकारीको हकमा दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
- समूह, सहकारीको हकमा बिउ माग गर्ने बैठक निर्णयको प्रतिलिपी ।
- निवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- समुह तथा सहकारीको हकमा वडा कार्यालयको सिफारिस।

❖ **द्रष्टव्य :- थप जानकारीको लागि कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।**